# गजुरी गाउँपालिका

## गजुरी गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

### आ.व.०७७/७८को लागि स्थानीय सडक पूर्वाधार सेवा शुल्क तथा विज्ञापन कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०७**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस गजुरी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय अनुसार,यस गजुरी गाउँपालिकाको आगामी आ.व २०७७/०७८ को लागि गाउँपालिका क्षेत्र भित्र विज्ञापनकर तथा स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलनको लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको ले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको मूल्य अभिवृदिकर दर्ताका प्रमाणपत्र, आ.व.०७५/७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रीतपूर्वक १५ दिने शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुदाँ तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | दरभाउपत्र नं. | दरभाउ पत्रको नाम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७७।०७८ का लागि कायम वार्षिक न्यूनतम दरभाउपत्र रकम (मु.अ. कर सहित) | दरभाउ पत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व २।०७७/०७८ | विज्ञापनकर क) गाउँपालिका क्षेत्र भित्र विभिन्न विषयमा हुने विज्ञापन सम्बन्धी कर | टेण्डर फारममा उल्लेख गरिएको छ | ७,००,०००।०० (सात लाख रुपैया मात्र भ्याट सहित) | १०००।- | कबोल अंकको ५ प्रतिशत | |
| २ | राजस्व ३।०७७/०७८ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क मलेखु महादेवस्थान सडक | टेण्डर फारममा उल्लेख गरिएको छ | ३,५०,०००।०० ( तिन लाख पचास हजार रुपैया मात्र भ्याट सहित | १०००।- | कबोल अंकको ५ प्रतिशत | |
| ३ | राजस्व ४।०७७/०७८ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क आदमघाट लामाचिरा सडक | टेण्डर फारममा उल्लेख गरिएको छ | ३,५०,०००।०० ( तिन लाख पचास हजार रुपैया मात्र भ्याट सहित | १०००।- | कबोल अंकको ५ प्रतिशत | |
| ४ | राजस्व ५।०७७/०७८ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क घाटबेसी मानेभञ्याङ सडक | टेण्डर फारममा उल्लेख गरिएको छ | २०,०००।०० बीस हजार रुपैया मात्र भ्याट सहित | १०००।- | कबोल अंकको ५ प्रतिशत | |
| ५ | राजस्व ६।०७७/०७८ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क राम बजार हटिया सडक | टेण्डर फारममा उल्लेख गरिएको छ | ५०,०००।०० पचास हजार रपैया मात्र भ्याट सहित | १०००।- | कबोल अंकको ५ प्रतिशत | |
| ६ | राजस्व ७।०७७/०७८ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क चालिसे बेलभञ्याङ सडक | टेण्डर फारममा उल्लेख गरिएको छ | ३०,०००।०० तीस हजार रुपैया मात्र भ्याट सहित | १०००।- | कबोल अंकको ५ प्रतिशत | |

**शर्तहरू:**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. ०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग.वा बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको **खाता नं ग ४ १ १०५०१००३०४०१०००२** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको नगदी रसीद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग.वा बैंक शाखा कार्यालय गजुरीमा मा रहेको धरौटी **खाता नं ग ३. १०५०१००३०३००००२ (धरौटीको लागि)** जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिट बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको दरभाउपत्र फाराममहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रिबिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिन दिनको १:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक दरभाउपत्र दाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ३० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो र तेस्रो किस्तावापत ७० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्र दाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. दरभाउपत्र भर्दा कबोल रकम अंक र अक्षरमा दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । सारभुत रुपमा प्रभावग्राही र सबैभन्दा बढि रकम कबोल गर्ने दरभाउपत्र दाताको कबोल अंकको दरभाउपत्र स्वीकृत गरिनेछ । ठेक्का अवधि :२०७७/७८ एक आर्थिक वर्षको लागि कायम गरिएको छ । गाउँपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७८ आषाढ मसान्त सम्म रहनेछ ।

१०. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दवी गर्न पाईने छैन ।

११. गाउपालिकाको हितलाई मध्य नजर गरी कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा ताकिएको किस्ता रकम अनिवार्य रुपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनछैन ।

१२. ठेक्काको बांकी दुई किस्ता रकम क्रमश पहिलो किस्ता पौष मसान्त, दोश्रो किस्ता २०७८ बैसाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१३. यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र फारमसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका का शर्त सरह लागु हुनेछ ।

१४. उल्लेखित शर्त पुरा नभएको दरभाउपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१५. स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्बुलेन्स,विद्यालय कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट शुल्क उठाउन पाईने छैन ।

१६. प्रचलित ऐन बमोजिम कबुल गरेको गरेको रकम एकमुष्ट अग्रिमरुपमा बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सकिनेछ ।

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको ध्भदकष्तभ । www.gajurimunmun.gov.npमा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत